E-mail: infodcnawalparasi@dcourt.gov.np
फोन : ०७८-५२०१९५ र ०७८-५२१०६२
फ्याक्स : ०७८-५२०२९४

श्री

# नवलपरासी जिल्ला अदालत
## परासी

पत्र संख्या :०८०/०८१
चलानी नं.

तहसिल

**जिन्सीमा आम्दानी बाँधिएका दशीका मालसामान फिर्ता लिन आउनेसम्बन्धी सम्बन्धित मालधनीहरुका लागि जारी गरिएको ७ (सात) दिने सूचना** ........................................

यस नवलपरासी जिल्ला अदालतमा दायर भएका विभिन्न मुद्दाहरुमा दशीको रुपमा प्राप्त भै यस अदालतको आदेशले जिन्सीमा आम्दानी बाँधिएका अदालतको अन्तिम फैसलाले जफत नहुने / सम्बन्धित मालधनीले फिर्ता लिन पाउने ठहर भएका दशीका मालसामान फिर्ता लिन आई फिर्ता लैजाने प्रयोजनार्थ जिल्ला अदालत नियमावली,२०७५ को नियम ९२(१) बमोजिम यो सूचना जारी गरिएको छ। अतः सम्बन्धित मालधनीले फैसलाको प्रमाणित प्रतिलिपि तथा आफ्नो स्पष्ट परिचय खुल्ने कागजातसहित यो सूचना जारी भएको मितिले ७ (सात) दिनभित्र यस अदालतको तहसिल शाखा (जिन्सीतर्फ)मा निवेदन दिई आफ्नो मालसामान लैजानु हुन अनुरोध गरिन्छ। साथै, सम्बन्धित धनीले मालसामान फिर्ता लिन नआए कानून बमोजिम लिलाम बिक्री गरिनेछ। सो सम्बन्धमा पछि कुनै उजूर बाजूर लाग्ने छैन। इति सम्बत् २०८० साल भाद्र महिना १२ गते रोज ३ शुभम्.........................................................